मिति : २०७७/१२/२७ गते (शुक्रवार), स्थान : पोखरा महानगरपालिकाको सभाकक्ष,

बैठक सङ्ख्या : ४७ समय : दिउसो १ : ३० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको वैठक महानगरपालिकाको सभाकक्षमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

उपस्थिती :

अध्यक्ष	श्री मानबहादुर जि.सी.	प्रमुख
सदस्य	श्री मञ्जुदेवी गुरुङ्ग	उप-प्रमुख
सचिव	श्री महेश बराल	प्रमुख प्रशासकीय अधिकृत
सदस्य	श्री शारदा पराजुली	वडा अध्यक्ष वडा नं. १
सदस्य	श्री रामेश्वर मल्ल	वडा अध्यक्ष वडा नं. २
सदस्य	श्री रविन्द्र बहादुर प्रजु	वडा अध्यक्ष वडा नं. ३
सदस्य	श्री शंकर प्रसाद वँस्तोला	वडा अध्यक्ष वडा नं. ४
सदस्य	श्री धनबहादुर नेपाली	वडा अध्यक्ष वडा नं. ५
सदस्य	श्री जगतबहादुर पाहारी	वडा अध्यक्ष वडा नं. ६
सदस्य	श्री रामचन्द्र वराल	वडा अध्यक्ष वडा नं. ७
सदस्य	श्री रुद्रनाथ वराल	वडा अध्यक्ष वडा नं. ८
सदस्य	श्री रामराज लामिछाने	वडा अध्यक्ष वडा नं. ९
सदस्य	श्री राजकुमार गरुङ्ग	वडा अध्यक्ष वडा नं. १०
सदस्य	श्री मोहन प्रसाद वाँस्तोला	वडा अध्यक्ष वडा नं. ११
सदस्य	श्री रामबहादुर कार्की	वडा अध्यक्ष वडा नं. १२
सदस्य	श्री लेखबहादुर तामाङ्ग	वडा अध्यक्ष वडा नं. १३
सदस्य	श्री प्रेमबहादुर कार्की	वडा अध्यक्ष वडा नं. १४
सदस्य	श्री प्रकाश पौडेल	वडा अध्यक्ष वडा नं. १५
सदस्य	श्री जिबन प्रसाद आचार्य	वडा अध्यक्ष वडा नं. १६

सदस्य	श्री तिर्थराज अधिककारी	वडा अध्यक्ष वडा नं. १७
सदस्य	श्री रणबहादुर थापा	वडा अध्यक्ष वडा नं. १८
सदस्य	श्री शोभामोहन पौडेल	वडा अध्यक्ष वडा नं. १९
सदस्य	श्री सिमबहादुर गुरुङ्ग	वडा अध्यक्ष वडा नं. २०
सदस्य	श्री खगराज आचार्य	वडा अध्यक्ष वडा नं. २१
सदस्य	श्री मित्रलाल वराल	वडा अध्यक्ष वडा नं. २२
सदस्य	श्री विष्णु प्रसाद पराजुली	वडा अध्यक्ष वडा नं. २३
सदस्य	श्री ओम प्रसाद सुवेदी	वडा अध्यक्ष वडा नं. २४
सदस्य	श्री शोभाकर तिमिल्सीना	वडा अध्यक्ष वडा नं. २५
सदस्य	श्री नारायण प्रसाद वराल	वडा अध्यक्ष वडा नं. २६
सदस्य	श्री पूर्णकुमार गुरुङ्ग	वडा अध्यक्ष वडा नं. २७
सदस्य	श्री निर्मल दियाली	वडा अध्यक्ष वडा नं. २८
सदस्य	श्री चेतबहादुर गुरुङ्ग	वडा अध्यक्ष वडा नं. २९
सदस्य	श्री श्रीराम पोखरेल	वडा अध्यक्ष वडा नं. ३०
सदस्य	श्री कमल वहादुर थापा	वडा अध्यक्ष वडा नं. ३१
सदस्य	श्री अक्कल वहादुर कार्की	वडा अध्यक्ष वडा नं. ३२
सदस्य	श्री शिवप्रसाद आचार्य	वडा अध्यक्ष वडा नं. ३३
सदस्य	श्री पुष्पा घले पहारी	पो.म.न.पा. वडा नं. ६
सदस्य	श्री बुधराज भुजेल (भिमसेन)	पो.म.न.पा. वडा नं. ६
सदस्य	श्री ओम प्रसाद गौचन	पो.म.न.पा. वडा नं. ७
सदस्य	श्री यशोदा के.सी.भट्टराई	पो.म.न.पा. वडा नं. १४
सदस्य	श्री राधिका शाही योगि	पो.म.न.पा. वडा नं. १७
सदस्य	श्री मनबुजा बि.क.	पो.म.न.पा. वडा नं. २०
सदस्य	श्री सन्तुदेवी सुवेदी	पो.म.न.पा. वडा नं. २४
सदस्य	श्री चतुरे बि.क.	पो.म.न.पा. वडा नं. ३१

४७ औं कार्यपालिका बैठकका प्रस्तावहरु :

१) म्याद थप गर्ने सम्बन्धी ।

क) तालहरुको संरक्षण समितिको म्याद थप गर्ने मिति २०७७।१०।२६ गते सकिएकोले २०७७ चैत्र महिः सम्म म्याद थप गर्ने सम्बन्धी ।

ख) नक्शा अभिलेखिकरण र नियमितको म्याद थप गर्ने विषय सम्बन्धी ।

२) PPP का योजनाहरु अगाडी बढाउने सम्बन्धमा ।

क) सिल्टेसन ड्यामको कार्य वार्ताबाट अगाडी बढाउने सम्बन्धमा । (PPP आयोजना)

ख) नयां आयोजना आरम्भ गर्ने सम्बन्धी ।

सि.नं.	योजनाको नाम	कैफियत
१	फोहोरमैला व्यवस्थापन सम्बन्धी	
२	खुदीखोलामा मत्स्यपालन सहितको पर्यटकीय संरचनाहरु निर्माण सम्बन्धी	पूर्व सम्भाव्यता अध्ययन भै सकेको
३	पोखरा प्रवेश पार्क निर्माण सम्बन्धी	पूर्व सम्भाव्यता अध्ययन भै सकेको
४	माछापुच्छ्रे पार्क निर्माण र संचालन सम्बन्धी	
५	विभुती पार्क संचालन सम्बन्धी	

(ग) PPP को २ वटा योजना सेती पर्यटन पूर्वाधार विकास आयोजना र वडा नं १७ को Devis Fall पर्यटः विकास आयोजना शिशाको पुलको प्रतिबेदन सम्बन्धी ।

(घ)पहिलो चरणमा आरम्भ गरिएका आयोजनाहरुको जानकारी

३) खुदीखोला र Siltation Dam को IEE प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धी ।

४) आय ठेक्का व्यवस्थापन कार्यविधिमा संशोधन सम्बन्धी । (कालो सूचीमा राख्ने प्रावधान थप गर्ने)

५) लागत सहभागीता घटाउने सम्बन्धी ।

(सूची)

६) बहुवर्षिय खरीद प्रकृयाबाट योजना सम्झौता सम्बन्धी ।

(सुची)

७) कर्मचारी स्वेच्छिक अवकाशको सूचना प्रकाशन सम्बन्धी ।

प्रमुख

८) काहुँखोला घाटको गत आ.व. मा लगाईएको ठेक्का पुरा अवधि संचालन हुन नसकेकाले (प्राविधिक प्रतिबेदन) मिनाहा गर्ने सम्बन्धी ।

९) सराङकोट Paragliding Launching को विवाद व्यवस्थापन सम्बन्धी ।

१०) पत्रकार कल्याण कोष संचालन कार्यविधि संशोधन सम्बन्धी ।

११) ५०-५० का सम्झौता नभएका योजनाहरु रद्द गर्ने र नयां योजनाहरु स्वीकृत गर्ने सम्बन्धी ।

१२) महानगरपालिकालाई शहरी क्षेत्र र ग्रामिण क्षेत्रमा बर्गीकरण गर्ने सम्बन्धी ।

१३) बास्तोला थर बाटो ढलान मार्गको समस्या समाधान समाधान सम्बन्धी ।

१४) समस्या ग्रस्त खरिद सैझौता सम्वन्धी ।

(क) मोहरिया, लामाश्वांरा, स्याङदी आनन्द, ज्योती लप्सीडांडा सडक (Just in Time) ठेक्का नं. 139 PMC/ NCB/W/ 075/076

(ख) काहुं स्वास्थ्य चौकी जाने बाटो ठेक्का रद्द गर्ने सम्बन्धी ।

(ग) माछापुच्छ्रे Reflection पार्क सम्बन्धी ।

(घ) RTO Road को विवाद समाधानको प्रगति सम्बन्धी ।

(ङ) विश्व बैंकको सहयोगमा संचालित आयोजनाको खरिद कागजात स्वीकृत गर्ने सम्बन्धी ।

१५) कमल पोखरी निर्माण सेवा पोखरा, १३ को क्षतिपूर्ति माग गरेको निबेदन सम्बन्धी ।

१६) प्रज्ञा प्रतिष्ठान र शहरी योजना आयोगमा सदस्य नियुक्ति सम्बन्धी ।

१७) फिर्के कोरीडर DPR तयार गर्ने सम्बन्धी ।

१८) नक्शापास परामर्श सेवा कार्यविधि, २०७५ लाई प्रभावकारी बनाउने सम्बन्धी ।

१९) स्वयंसेवक परिचालन कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी ।

२०) "घ" बर्गको ठेक्का अनुमति पत्र प्रदान गर्ने सम्बन्धमा ।

२१) पुराना काम नलाग्ने जिन्सी सामान/ हेभि ईक्युपमेण्ट लिलाम गर्ने सम्बन्धी ।

२२) Online प्रणली मार्फत राजश्व भुक्तानी गर्ने सम्बन्धी (खल्ती सेवा) ।

२३) मेयर कप साईकल दौड प्रतियोगिताको गर्ने सम्बन्धी ।

२४) सेवा करारमा कर्मचारी नियुक्ती गर्ने (नापी अधिकृत, खाध तथा गुणस्तर अधिकृत छैटौं, रेन्जर पांचौं)

२५) सार्वजनिक पर्ती/ऐलानी जग्गामा वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा ।

२६) नेपाल खानेपानी संस्थानलाई Slump well बनाउन वडा नं. १३ मा जग्गा उपलब्ध गराउने सम्बन्धी ।

२७) विविध ।

प्रमुख

निर्णयहरु:

निर्णय नं-१

४४ औं कार्यकार्यपालिकाको बैठकबाट डा.श्री सोमनाथ सापकोटा को संयोजकत्वमा गठित लेखनाथ क्षेत्रका तालहरुको सिमाङ्कन तथा मापदण्ड सिफारीस समितिको म्याद २०७७/१०/२६ गते समाप्त भएको र काम सम्पन्न भई नसकेकाले मिति २०७८ बैशाख मसान्त सम्म थप गर्ने ।

निर्णय नं.-२

पोखरा महानगरपालिका क्षेत्रभित्र निर्माणाधिन घरहरुको नक्शा पास गर्ने नियमानुसारको २ वर्ष र थप गर्न मिल्ने २ वर्ष समेत ४ वर्षको अन्तिम अवधि भित्र नक्शा पास सम्पन्न प्रमाणपत्र लिई सक्नु पर्नेमा कोरोना संक्रमणको कारण निर्माण कार्य सम्पन्न हुन नसकी प्रमाणपत्र लिन असमर्थ भएको पुष्टि भएका मिति २०७३ श्रावण महिना पछि अस्थाई निर्माण ईजाजत लिएका भवनहरुको लागि मिति २०७८ आषाढ महिना सम्म नक्शा प्रमाणपत्र दिन म्याद थप गर्ने ।

निर्णय नं.-३

फेवा तालको ४ वटा स्रोत नदीहरुमा निर्माण भएका सिल्टेशन ड्यामहरुमा हालै प्रदेश सरकारले गरेको अध्ययनबाट आवश्यक देखिएका थप संरचनाहरुको निर्माण एवं निर्मित संरचनाहरुको मर्मत संभार गर्ने प्रयोजनको लागि निजी लगानी आह्वान गर्दै २ पटक सम्म सार्वजनिक सूचना जारी गर्दा समेत पर्याप्त संख्यामा प्रस्तावमा उल्लेख भएको योग्यता भएका प्रस्तावदाताहरुले प्रस्ताव पेश नगरेको कारणले, प्रस्ताव वमोजिमको योग्यता नभएको तर उक्त कार्य गर्न इच्छुक प्रस्तावक श्री फेवा सिल्टेशन प्रा.लि. संग कार्यालयले कायम गरेको न्यूनतम् रोयल्टि नघट्ने गरी, तथा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित अवधि नवढ्ने गरी, एवं प्रस्तावकले आयोजनामा आवश्यक लगानी गर्ने कुराको सुनिश्चितता गर्दै बाँकी विषयहरु उक्त प्रस्तावक संग वार्ता गरी टुङ्गो लगाउने गरी सो आयोजना अगाडि वढाउन सार्वजनिक निजी साझेदारी समितिलाई अनुमति प्रदान गर्ने । सो प्रयोजनको लागि सानिसा समितिले अन्य कुराका अलावा निम्न कार्य गर्ने/गराउने ।

क) प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्ने ।

ख) संझौताको शर्तहरुको बिषयमा प्रस्तावदाता संग वार्ता मार्फत अन्तिम रुप दिने ।

ग) नदीजन्य निर्माण सामाग्रीको प्रशोधनको लागि वातावरण प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनले प्रस्ताव गरेको सीमा र मापदण्डमा आधारित भई प्रचलित कानुन बमोजिम महानगरपालिकालाई अधिकार भएको विषयमा स्वीकृति प्रदान गर्ने तथा प्रदेश तथा संघ सरकारको अधिकार क्षेत्रको विषयमा सम्बन्धित निकायमा सिफारिश दिने शर्त संझौतामा समावेश गर्ने ।

घ) पहिलो २ बर्षको लागि महानगरपालिकाले तर्जुमा गरेको IEE प्रतिवेदनलाई आधार मानी तत्काल काम अगाडि वढाउने ।

ङ) संझौताको विषयमा गण्डकी प्रदेश सरकारलाई जानकारी दिने तथा आवश्यक समन्वय गर्ने ।

निर्णय नं.-४

महानगरपालिकाको वडा नं. ३२ खुदी खोला तथा वडा नं. २३ मा पर्ने फेवातालको स्रोत नदीहरु हर्पन तथा खहरे खोलामा निर्माण गरेको सिल्टेशन ड्याममा जम्मा भएको सामाग्री उत्खनन् गर्ने प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्पन्न गरी अलटेक ईन्जिनियरीङ्ग कन्सल्टेन्सीको तर्फबाट पेश हुन आएको प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं.-५

आय ठेक्का व्यवस्थापन गर्ने क्रममा कार्यालयले गरेको खरिद प्रकृयाको निश्चित चरण पार गरी आशय पत्र वा प्रस्ताव स्वीकृत भएको जानकारी पत्र प्रेषीत गरेपछि आफुले कवोल गरेको रकममा संझौता गर्न नआउने र आफुले स्वीकृत गरेको दायीत्व पुरा नगर्ने प्रस्तावदातालाई पोखरा महानगरपालिकाको हकमा २ देखि ५ वर्ष सम्म आय तथा व्यय तर्फको कुनै पनि आथिक कारोवार गर्न नपाउने गरी कालो सूचिमा राख्ने गरी आय ठेक्का सम्बन्धी कार्यविधि संशोधन गर्ने, सो वमोजिम कार्यविधि संशोधन भएको जानकारी स्थानीय राजपत्र प्रकाशन गरी सरोकारवालाहरु लाई दिने ।

निर्णय नं.-६

पोखरा महानगरपालिकाको सार्वजनिक खरिद नियमावलीको अनुसूची १ मा निम्न वमोजिम संशोधन गर्ने :

क) समग्र वडा नं. १६ लाई ग्रामीण क्षेत्रको रुपमा गणना गर्ने ।

ख) ग्रामीण तथा सहरी गरी दुवै प्रकारको भूगोल समावेश भएको वडामा आयोजना संचालन हुने स्थानको आधारमा वडाले ग्रामीण वा सहरी कुन क्षेत्रमा योजना संचालन हुने हो एकीन गरी कुन प्रावधान लागू हुने हो सोही वमोजिम कार्यान्वयन गर्ने वा सिफारिश गरी पठाउनु पर्ने ।

ग) ताल किनार, नदी किनार, जंगल क्षेत्रमा र दुवैतर्फ सार्वजनिक जमीन पर्ने स्थानाहरुमा संचालन हुने रु १० लाख सम्मका योजनाहरुमा १० प्रतिशत तथा १० लाख भन्दा ज्यादा रकमका योजनाहरुमा १५ प्रतिशत जनसहभागिता कायम गर्ने ।

घ) हाट बजार, प्रतिक्षालय, संग्रहालय, विश्रामस्थल, क्रियापुत्री भवन जस्ता योजनाहरुमा रु १० लाख सम्मका योजनाहरुमा १० प्रतिशत तथा १० लाख भन्दा ज्यादा रकमका योजनाहरुमा १५ प्रतिशत जनसहभागिता कायम गर्ने ।

निर्णय नं.-७

मिति २०७७/१०/११ को कार्यपालिका बैठकमा पेश भै कार्यपालिकाबाट समिति गठन भएको सार्वजनिक निजी साझेदारीमा सेती खोंचमा साहाशिक पर्यटकीय आयोजना संचालन गर्ने सम्बन्धमा उक्त समितिको सुझाबको अधारमा श्री सेती क्यानोनिङ प्रा.लि. संग संझौता गर्ने सम्बन्धमा निम्न वमोजिम गर्ने निर्णय गरियो ।

क) प्रस्तावित संझौताको मस्यौदामा निम्न बमोजिमका बुँदाहरु समेटी संझौतालाई अन्तिम रुप दिने ।

१) सेती खोंच आयोजना स्थल संवेदनशील क्षेत्र भएकाले भूगर्वविदहरुको रायसुझाव समेटी Detail

Project report (DPR) र Environmental Impact Assessment (EIA) प्रतिवेदन तयार गर्नु पर्ने ।

२) DPR र EIA प्रतिवदेन तयार भएपछि सरोकारवाला वडाका जनप्रतिनिधिको रोहवरमा छलफल गरेर मात्र स्वीकृत गर्नु पर्ने ।

३) DPR र EIA प्रतिवेदन बमोजिम आयोजना अनुपयुक्त देखिएमा कुनै पनि क्षेतिपुर्ति महानगरपालिकाले नदिने व्यवस्था सम्झौतामा समावेश गर्ने ।

४) सेती खोंचको क्षेत्र धार्मिक/सास्कृतिक विषयसँग जोडिएको क्षेत्र भएकाले परम्परागत रुपमा गरि आएका धार्मिक/साँस्कृतिक क्रियाकलापमा अवरोध नपुग्ने/आँच नआउने गरी आयेजना सञ्चालन गर्ने ।

५) आयोजनाबाट क्षतिपुर्ति लिने चेष्टा गरी वा त्यस्तो मनसाय राखी क्षतिपुर्ति माग गर्न नपाउने आसय सम्झौतामा थप गर्ने ।

६) विभिन्न बाहाना बनाई आयोजना कार्यान्वयन नगर्ने, आयोजना ओगट्ने अवस्थामा आयोजना रद्द गर्न पाउने व्यवस्था सम्झौतामा समाबेश गर्ने ।

ख) सो आयोजनाको विषयमा आवश्यकता अनुसार प्रदेश सरकार तथा संघ सरकारको सहमति लिने लगायत, संझौता गर्न र कार्यान्वयन गर्न जे जो आवश्यक पर्छ गर्ने अधिकार सानिसा समितिलाई प्रदान गर्ने ।

<u>निर्णय नं.-८</u>

मिति २०७७/१०/११ को कार्यपालिका बैठकमा पेश भै कार्यपालिकाबाट समिति गठन भएको सार्वजनिक निजी साझेदारीमा डेभिस फलमा सिसाको पुल निर्माण गरी पर्यटन प्रर्बद्धन गर्ने आयोजना संचालन गर्ने सम्बन्धमा उक्त समितिको सुझाबको आधारमा श्री सेती क्यानोनिङ प्रा.लि. संग संझौता गर्ने सम्बन्धमा निम्न बमोजिम गर्ने निर्णय गरियो ।

क) प्रस्तावित संझौताको मस्यौदामा निम्न वमोजिमका बुँदाहरु समेटी संझौतालाई अन्तिम रुप दिने ।

१) डेभिसफल आयोजना स्थल संवेदनशील क्षेत्र भएकाले भूगर्वविदहरुको रायसुझाव समेटी Detail Project report (DPR) र Environmental Impact Assessment (EIA) प्रतिवेदन तयार गर्नु पर्ने ।

२) DPR र EIA प्रतिवदेन तयार भएपछि सरोकारवाला वडाका जनप्रतिनिधिको रोहवरमा छलफल गरेर मात्र स्वीकृत गर्नु पर्ने ।

३) DPR र EIA प्रतिवेदन बमोजिम आयोजना अनुपयुक्त देखिएमा कुनै पनि क्षेतिपुर्ति महानगरपालिकाले नदिने व्यवस्था सम्झौतामा समावेश गर्ने ।

४) आयोजनाबाट क्षतिपुर्ति लिने चेष्टा गरी वा त्यस्तो मनसाय राखी क्षतिपुर्ति माग गर्न नपाउने आसय सम्झौतामा थप गर्ने ।

५) विभिन्न बाहाना बनाई आयोजना कार्यान्वयन नगर्ने, आयोजना ओगट्ने अवस्थामा आयोजना रद्द गर्न पाउने व्यवस्था सम्झौतामा समाबेश गर्ने ।

ग) नदीजन्य निर्माण सामाग्रीको प्रशोधनको लागि वातावरण प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनले प्रस्ताव गरेको सीमा र मापदण्डमा आधारित भई प्रचलित कानुन वमोजिम महानगरपालिकालाई अधिकार भएको विषयमा स्वीकृति प्रदान गर्ने तथा प्रदेश तथा संघ सरकारको अधिकार क्षेत्रको विषयमा सम्बन्धित निकायमा अनुमति माग गर्ने शर्त संझौतामा समावेश गर्ने :

घ) पहिलो बर्षको लागि महानगरपालिकाले तर्जुमा गरेको IEE प्रतिवेदनलाई आधार मानी तत्काल काम अगाडि वढाउने ।

ङ) वातावरण प्रभाव मूल्याङ्कन (EIA) स्वीकृत नभए सम्मको लागि महानगरपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरी प्रस्तावदातालाई उपलब्ध गराउने ।

निर्णय नं.-११

सार्वजनिक निजी साझेदारी समितिको मिति २०७५।११।२० को सूचनामा समेटिएका निम्न वमोजिमका आयोजनाहरुको हकमा सानिसा समितिले गठन गरेको अध्ययन कार्यदलको प्रतिवेदनको आधारमा निम्न वमोजिम गर्ने :

क) आयोजना नं. १/सा.नि.सा./ ०७६–०७७ सराङकोटमा पर्यटकीय पूर्वाधार निर्माण गर्ने सम्बन्धी आयोजनाको हकमा, आयोजना क्षेत्रका स्थानीयवासीहरुले विरोध गरेको र काम गर्ने वातावरण तैयार हुन नसकेकोले, सो आयोजना रद्द गर्ने तथा त्यसको जानकारी सार्वजनिक सूचना मार्फत दिने ।

ख) आयोजना नं. ५/ सा.नि.सा./०७६–०७७ Digital Hording Board सम्बन्धी आयोजनाको हकमा, प्राविधिक तथा आर्थिक प्रस्तावमा पहिलो नम्वरमा रहेको संस्था महानगरपालिकाको आय ठेक्का सम्बन्धी किस्ता समयमा तिर्न नसकी वित्तीय रुपमा विश्वसनीय रहेको नदेखिएको समेत कारणले सो आयोजना रद्द गर्ने तथा त्यसको जानकारी सार्वजनिक सूचना मार्फत दिने ।

ग) आयोजना नं. ४/सा.नि.सा./०७६–०७७ फेवातालमा Water Sports सम्बन्धी आयोजनामा स्थानीय वासी र अन्य सरोकारवाला एवं जलारी समुदायका मागहरु संवोधन हुने अवस्था सिर्जना भएमा तथा प्राविधिक रुपमा सफल २ वटा प्रस्तावदाताहरुले एकल वा संयुक्त रुपमा वहन गर्ने सार्वजनिक उत्तरदायित्व, ताल संरक्षणमा गर्न सक्ने सार्वजनिक लगानी लगायतका विषयमा वार्तागरी सम्झौताको प्रकृया अगाडि वढाउन तथा सो वमोजिम सहमति कायम नभएमा आयोजना रद्द गर्न सानिसा समितिलाई निर्देशन दिने ।

घ) आयोजना नं. ४/सा.नि.सा./०७६–०७७ वेगनासतालमा Water Sports सम्बन्धी आयोजनामा पेश भएका सवै प्रस्तावदाताहरुको प्रस्ताव प्राविधिक रुपमा असफल भएकोले सो विषयमा पुनः प्रकृया आरम्भ गर्न सानिसा समितिलाई निर्देशन दिने ।

निर्णय नं.-१२

महानगरपालिकामा विज्ञापन कर संकलन तथा Hording Board सम्बन्धमा निम्न वमोजिमको नीति निर्धारण गर्ने :

क) सार्वजनिक स्थानमा Digital Hording Board स्थापना गर्ने सम्बन्धमा सार्वजनिक निजी साझेदारी समितिले सार्वजनिक सूचना मार्फत प्रकृया आरम्भ गर्ने ।

ख) व्यक्तिगत घर जग्गामा Digital Hording Board स्थापना गर्ने सम्बन्धमा व्यक्तिगत स्वीकृत प्रदान गर्न सकिने नीति लिने तर यस्ता Board राख्ने घर तथा संरचनाहरु के कस्तो हुनु पर्ने भन्ने विषयमा महानगरपालिकाले मापदण्ड तैयार गरी लागू गर्ने । निजी घरमा Digital बाहेकका Hording Board राख्न निषेध गर्ने ।

ग) फुटकर वोर्डहरुको विज्ञापन कर संकलनको लागि सार्वजनिक सूचना मार्फत आय ठेक्काको प्रकृया आरम्भ गर्ने ।

घ) सडक वत्तिको लागि नेपाल विद्युत प्राधिकरण संग गरिएको साझेदारी बमोजिम तथा पृथ्वी राजमार्ग विस्तारको क्रममा हुने पोल स्थानान्तरणको प्रकृया सम्पन्न भएपछि पोलमा विज्ञापन गर्ने सम्बन्धी सार्वजनिक सूचना जारी गर्ने ।

ङ) निजी लगानीमा यात्रु प्रतिक्षालय तथा ट्राफिक आइल्याण्ड निर्माण गर्नको लागि वडा कार्यालय मार्फत माग संकलन गरी, तथा सम्बन्धित निकायको सहमति लिई, सार्वजनिक सूचना मार्फत प्रतिस्पर्धामा जिम्मेवारी दिने ।

च) हाल संचालित यात्रु प्रतिक्षालय तथा ट्राफिक आइल्याण्डको व्यवस्थापनको अवधि समाप्त भै महानगरलाई हस्तान्तरण हुने प्रतिक्षालयहरुको मर्मत संभार गर्ने गरी ३ (तीन) बर्षको अवधि कायम गरी सार्वजनिक सूचना मार्फत पट्टा बन्दोवस्त गर्ने ।

निर्णय नं.-१३

निम्न आयोजनाहरु आगामी आर्थिक बर्षमा समेत आर्थिक दायित्व सिर्जना हुने गरी वहुबर्षीय खरिद प्रकृया वमोजिम खरिद कारवाही अगाडि वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अनुमति दिने ।

सि. नं	योजनाको नाम	बजेट रु./ल.ई.	चालु आ.व. मा विनियोजित रकम	कैफियत
१	मणिपाल र्‍यालेचौर मौजा बिसैना सिक्लेस बाटो वडा नं. २०	५,६८,५५,०५२।-		
२	लेण्डफिलसाईट जानेबाटो निर्माण, वडा नं. १४	२,२५,००,०००/-	१,००,००,०००/-	
३	लामाचौर माछापुच्छ्रे सडक विस्तार एव निर्माण नाला , वडा	१,४९,९९,०४९.३२	२०,००,०००/-	

	नं. १९			
४	वडा नं. ८ को वडा कार्यालय भवन	५,४५,००,०००।००	एक मुष्ठ बिनियोजन भएको	
५	वडा नं. १८ को वडा कार्यालय भवन	३,५५,००,०००।००	एक मुष्ठ बिनियोजन भएको	

निर्णय नं.-१४

आठौं नगर सभाको निर्णय अनुसार महानगरपालिकामा विगत देखिनै अस्थाई, सेवा करार, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई तोकिएको आर्थिक सुबिधा लिई स्वेच्छिक अवकाश लिन चाहेमा एक महिनाको समय तोकी निबेदन दिन सूचना प्रकाशन गरी आवश्यक प्रकिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अनुमति दिने ।

निर्णय नं.-१५

आ.व. २०७६।७७ मा यस म.न.पा. ले नदीजन्य सामाग्री निकाशीको लागि लगाएको ठेक्का मध्ये वडा नं- १३ को काहुंखोला घाट रु. ९,७०,०००।- मा मिति २०७६।५।२९ गते एम. वाई. एस. कन्स्ट्रक्सनसंग सम्झौता भएको तर महानगरले ठेक्का स्थगीत गर्न पत्राचार गरेकोले सम्बन्धित पक्षले दखीला गरेको रकम मिनाहा माग गरेको । उल्लेखित ठेक्काको सम्बन्धमा स्थानीय व्यक्तिहरुबाट मिति २०७६।९।२३ मा उक्त कार्यवाट आफ्नो घरजग्गा जोखिममा पर्ने भएकाले रोक्का गरि पाउं भनि निबेदन दिएको, सो सम्बन्धमा म.न.पा. बाट मिति २०७६।९।२५ मा कार्य स्थगित गर्न ठेकेदारलाई आदेश गरिएको । विवादका कारण कार्य गर्न नपाएकोले ठेक्का सुचारु गरि पाउं भनि मिति २०७६।१०।२१ मा ठेकेदारले म.न.पा. मा निबेदन दिएको र संझौताको अवधिभर सो ठेक्का पुन सुचारु हुन नसकेको । सोही विषयमा सर्जमिन मुचुल्का समेत गरी १३ नं वडा कार्यालयले ठेक्का सम्झौतामा उल्लेखित परिमाणको अन्दाजी आधा परिमाण उल्खनन् भै सकेकोले बाँकी परिमाणको रकम फिर्ता गर्न सकिने आशयको सिफारिस गरेकोले संझौता रकमको आधा रकम रु ४,८५,०००।०० फिर्ता खर्च शिर्षकबाट फिर्ता गर्ने ।

निर्णय नं.-१६

सराङकोट Paragliding Launchaing को जग्गाको विषयमा पोखरा महानगरपालिका संग सम्झौता गरेको पर्यटन प्रबर्द्धन समिति लाई सम्झौता बमोजिमको कार्य गर्न स्थानीय सामुदायीक वन उपभोक्ता समितिले असहयोग गरेको देखिएकोले अबिलम्व विवाद समाधान गर्न कानुन शाखालाई निर्देशन दिने ।

निर्णय नं.-१७

पोखरा महानगरपालिकाको पत्रकार कल्याण कोष संचालन कार्यविधि, २०७५ अनुसार उक्त कोषको खाता महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समेतको हस्ताक्षरबाट संचालन हुने भन्ने उल्लेख भएकोले तथा

हाल संचालित खाता सरकारी खाता संचालनको मापदण्ड वमोजिम समेत नभएकोले नेपाल पत्रकार महासंघ कास्कीको सुझाव समेतका आधारमा पत्रकार कल्याण कोष संचालन कार्यविधि, २०७५ मा तपशिलका प्रावधान समावेश गरी कार्यविधि संशोधन गर्ने :

(क) पत्रकारहरुको कल्याणको लागि स्थापित कोषको व्यवस्थापन/खाता संचालनमा महानगरपालिका संलग्न नहुने गरी कार्यविधि संशोधन गर्ने ।

(ख) गत आर्थिक वर्षमा निकासा भएको रकम महासंघको नाममा खुल्ने खातामा हस्तान्तरण गरिदिने ।

(ग) कोषको रकमको सुरक्षाको लागि आन्तरीक नियन्त्रण प्रणाली लागु गर्न महासंघलाई आग्रह गर्ने ।

निर्णय नं.-१८

"हामी बनाउछौं हाम्रो महानगर" शिर्षकमा चालु आ.व. मा ५०/५० प्रतिशत खर्च व्यहोर्ने गरी स्वीकृत भएका योजनाहरुमा २०७७ फाल्गुण मसान्त सम्म संझौता गर्न भनी पत्राचार गरिएकोमा सो अवधिमा संझौता नभएका योजनाहरु रद्द गरी, सोही नीति अनुसार योजना संचालनको लागि योजना माग गरि प्राप्त भएका निवेदनहरुबाट नयाँ योजनाहरुको छनौट गर्ने । ५०/५० मा समावेश गर्न माग भै आएका योजनाहरुको प्राथमिकता क्रम निर्धारण गरी संभव भए सम्म सबै आयोजनाहरु चालु आर्थिक बर्षमा कार्यान्वयन गर्ने वातावरण मिलाउने ।

निर्णय नं.-१९

भुमीहिन, दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीतहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को बुंदा ५ को २ (ख) मा लगत संकलनको लागि नगरपालिकाको हकमा ग्रामीण क्षेत्र, शहरोन्मुख क्षेत्र र शहरी क्षेत्र गरी बस्तीको तहगत क्षेत्र तोक्नु पर्ने भन्ने उल्लेख भए बमोजिम पोखरा महानगरपालिकाको भूगोललाई सो वमोजिम बर्गीकरण गर्न निम्न बमोजिमको समिति गठन गर्ने :

संयोजक : वडा नं. ३३ का अध्यक्ष श्री शिव प्रसाद आचार्य,

सदस्य : वडा नं. २७ का अध्यक्ष श्री पुर्ण गुरुङ्ग,

सदस्य : वडा नं. २४ का अध्यक्ष श्री ओम प्रसाद सुबेदी,

सदस्य : अमिन श्री दिवाकर सुवेदी,

सदस्य सचिव : कर अधिकृत श्री शिवहरी शर्मा,

निर्णय नं.-२०

पोखरा महानगरपालिका वडा नं.-९ को बास्तोला थर बाटो निर्माणको क्रममा उपभोक्ता समितिले बाटोको लागि प्रयोग भएको जमीनको क्षतीपुर्ती स्वरुप तिरेको रकम भुक्तानी नपाएको भनी निवेदन पेश गरेको र स्वीकृत वार्षिक विकास पुस्तकमा पनि रकम विनियोजन भएको अवस्था छ । सडक विस्तारको क्रममा जग्गा उपयोग वापत जग्गा धनलिाई रु. १० लाख हस्तान्तरण गरेको यही शर्तमा सडक निर्माणको सहजिकरण नगर प्रमुख र प्रदेशका माननीय संसाद समेत उपस्थित भै सहजिकरण गरेको, दोहोरा भुक्तानी नभएको र विषेश

निर्णय गरीदिन वडा समितिले अनुरोध गरेकाले उक्त बाटो निर्माण उपभोक्ता समितिले आवश्यक कागजात पेश गरेपछि खर्च भएको रकम भुक्तानी दिने ।

निर्णय नं.-२१

महानगरपालिकाबाट संचालित केही ठेक्काका योजनाहरु विविध जटिलता, निर्माण व्यवसायिको लापरवाही तथा ढिलासुस्ती लगायतको कारणले तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेका र म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई प्राप्त अधिकारको सीमा समेत नाघि सकेको अवस्थामा रहेका कारणले निम्न वमोजिमका योजनाहरुको हकमा निम्नानुसार गर्ने :

(क) मोहरिया, लामाश्वांरा, स्याङखुदी आनन्द ज्योती लप्सीडांडा सडक (Just in Time) ठेक्का नं. 139 PMC/NCB/W/ 075/076/M यस योजनाको प्रगति अत्यन्त न्यून रहेको, पहिले नै जरिवाना लागि सकेकोले बैशाख १५ सम्मको म्याद दिई, सो अवधि सम्ममा हुने प्रगतिको आधारमा कानुन वमोजिम संझौता अन्त्य गर्ने ।

(ख) काहुं स्वास्थ्य चौकी जाने बाटो, वडा नं. ११: बैशाख १५ गते सम्म म्याद थप गरी सुविस्ताको आधारमा संझौता रद्द गर्ने ।

(ग) माछापुच्छ्रे रिफ्लेक्सन पार्क, वडा नं. १७ : बैशाख १५ गते सम्म म्याद थप गरी सुविस्ताको आधारमा संझौता रद्द गर्ने ।

(घ) कालिका लेखनाथ धुर्वकोट जाने बाटो बैशाख १५ गते सम्म म्याद थप गरी सुविस्ताको आधारमा संझौता रद्द गर्ने ।

(ङ) RTO Road मर्मत सुधार सम्बन्धी आयोजना : साइट क्लियर नभएको स्थानमा विवाद मिलाउन थप पहल जारी राख्दै, हाललाई विवाद नभएको क्षेत्रको निर्माण अगाडि वढाउन कामको क्षेत्र (Scope) समायोजन गरी काममा तिव्रता दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं.-२२

विश्व वैंकको सहयोगमा संचालित नेपाल शहरी शासन तथा पूर्वाधार आयोजन (NUGIP) को खरिद सम्वन्धि कागजात प्रमुख प्रशासकीय अधिकृतको सिफारिशमा स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने । सो आयोजनाको प्रगति आवधिक रुपमा कार्यपालिकामा जानरकारी गराउने ।

निर्णय नं.-२३

अन्दाजी २० बर्ष अगाडि (आ.व. २०५०।०५१ देखि २०५९।०६० सम्म) संचालित भएको शहरी वातावरणीय सुधार आयोजना संचालनको क्रममा, श्री कमलपोखरी निर्माण सेवाले तत्कालिन पोखरा नगरपालिकाको तर्फबाट पोखरामा ल्याण्डफिल्ड साईड निर्माण, शहरी ससडक सुधार कार्य तथा अन्य पूर्वाधार निर्माण कार्यको लागि पाएको कार्यादेश तथा कार्यालयले तैयार गरेको बील तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्यालयले निजलाई रु.२३,३८,५७२।७२ भुक्तानी गर्नु पर्ने कुरा सैद्धान्तिक रुपमा स्वीकार गरी, तत्कालिन स्थानीय विकास

मन्त्रालय, र सो मन्त्रालयले अर्थ मन्त्रालय संग पटक पटक रकम निकासा माग गरेको कार्यालयमा रहेको मिसिलबाट देखिन्छ । सम्बन्धित संस्थाले सम्मानीत अदालतमा दायर गरेको मुद्दा, सम्मानीत अदालतबाट यस पूर्व भएको आदेश तथा निजले माग गरेको ब्याज समेतका विषयमा विद्यमान नेपाल कानुन तथा तत्कालिन समयमा गरेको खरिद संझौता समेतको अध्ययन गरी विकल्प पेश गर्न महानगरपालिकाका कानुनी सल्लाहकार संग कानुनी राय माग गर्ने ।

निर्णय नं.-२४

पोखरा महानगरपालिकाको "**घ**" बर्गको निर्माणव्यवसायी ईजाजत पत्र प्रदान गर्ने कार्यविधि, २०७५ बमोजिमको प्रकृया पुरा गरी स्वीकृतिको लागि पेश भएका, निम्न फर्मलाई "**घ**" बर्गको निर्माण व्यवसायीको ईजाजत दिने :

सि.नं.	फर्मको नाम	प्रोपाइटर	कैफियत
१	दीप कन्स्ट्रक्सन कम्पनी,पोखरा -७	प्रो. दिपक गिरी	
२	ईशाना इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन कम्पनी, पोखरा -१४	प्रो. इश्वर कार्की	
३	बुद्ध कन्स्ट्रक्सन कम्पनी,पोखरा- ११	प्रो. राज बहादुर गुरुङ	
४	बुद्धलक्ष्मी कन्स्ट्रक्सन कम्पनी,पोखरा -१३	ई. लक्ष्मी गुरुङ	
५	रुपा सिभिल निर्माण एण्ड सप्लायर्स, पोखरा -१७	प्रो. पार्वती सुबेदी	
६	पन्चमुल निर्माण सेवा प्रा.लि., पोखरा -१७	प्रो. रामचन्द्र ढकाल	
७	दुरा कन्सट्रक्सन सेवा प्रा.लि., पोखरा -२७	प्रो. सय बहादुर दुरा	
८	दत्त ब्रदर्स एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि.,पोखरा -१९	प्रो. देबदत्त बाँस्तोला	
९	स्काईस्कयापर विल्डर्स एण्ड सप्लायर्स ,पोखरा -१६	प्रो.कृष्ण बहादुर सारु	
१०	बाटुलेचौर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., पोखरा -१४	प्रो. चन्द्रकान्त ढुंगाना	
११	शुभपञ्कन्या प्रा.लि., पोखरा -२६	प्रो. सन्तोष बन्जारा	
१२	वि.एन.टी. कन्स्ट्रक्सन प्रा.लि., पोखरा -७	प्रो. बल बहादुर आले मगर	

निर्णय नं.-२५

पोखराको पर्यटन प्रबर्धन तथा पोखरा महानगरपालिकालाई साईकल सिटीको रुपमा समेत पहिचान दिलाउन र पोखराबासीलाई साईकल प्रयोग गरि वातावरण संरक्षण कार्यलाई सहयोग गर्नका साथै पोखरा महानगरपालिकाको गौरबलाई श्रीबृद्धि गर्न महानगरपालिकाले नेपालका सबै पालिका सहभागी भएको मेयर कप साईकल दौड प्रतियोगिता गर्न उपयुक्त देखि यो प्रतियोगिता गर्न लागिएको र यसै क्रममा मेयर सम्मेलन पनि आयोजना गर्न लागिएकोले उक्त सम्मेलत तथा साइकल प्रतियोगितामा सबैले आवश्यक सहयोग गर्न आह्वान गर्ने तथा सो कार्यको लागि आवश्यक आर्थिक प्रवन्ध गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं.-२६

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको निर्णय अनुसार वर्षे घाट संचालन भएको अवधिमा त्यसको अनुगमनमा खटिएका जनप्रतिनिधिहरुलाई अनुगमन भत्ताको व्यवस्था गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । साथै वर्षे घाटबाट संकलन भएको आय विवरणको जानकारी भयो ।

वडा नं.	संकलन भएकोरकम	कैफियत
१	४७२१५००/-	
१६	८९३१८०/-	
१९	३४,५०,१८७/-	
२७	७०९०८०/-	
२९	४९९६६२०/-	
३२	३००८१५०/-	
३३	१९३०४९०/-	
जम्मा	**१,९७,०९,२०७/-**	

निर्णय नं.-२७

पोखरा महानगरपालिकाका लेखा अधिकृत श्री छविलाल शर्माले आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दा चरम लापरवाही गरेको समेतको आधारमा तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ पूर्ण रुपमा मृत भै नसकेको भन्ने सम्मानीत सर्वोच्च अदालतको संबैधानिक ईजलासको फैसला र कानुन मन्त्रालयको मिति २०७५।१।५ च. नं. २९ को पत्रबाट देखिएकाले सोही ऐन बमोजिम बनेको नियमावलीको प्रावधान अनुसार निजलाई २ (दुई) तलव वृद्धि रोक्का गर्ने सम्बन्धी विभागीय सजाय दिने सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतको प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय नं.-२८

प्रदेश सरकाबाट आ.व.२०७८/७९ मा संचालन हुने योजनाहरुको विषयमा सम्बन्धित निकायमा निम्न योजनाहरुको नामावली पठाई सकिएकोले सो विवरण अनुमोदन गर्ने ।

(क) गण्डकी प्रदेश सरकार संमक्ष माग गरिएको समपुरक योजनाहरु :

(१) साईकल ट्रयाक निर्माण (विभिन्न वडाहरु)

(२) ठूलाकोट पर्यटकीय पूर्वाधार आयोजना,

(ख) गण्डकी प्रदेश सरका संमक्ष माग गरिएको विशेष योजनाहरु :

(१) गण्डकी बहु प्राविधिक शिक्षालयको भवन निर्माण, वडा नं. २९ ।

(२) गहुँकाट्ने गोदानबारी, जौ बारी खानेपानी आयोजना, वडा नं. २८ ।

निर्णय नं.-२९

पोखरा महानगरपालिकाले यस वर्षको ज्येष्ठ नागरिक दिबसमा सम्मान गरेका वडा नं ११ का पुरुष तर्फका सबै भन्दा जेष्ठ नागरीक वडा नं.- ११ निवासी १०५ वर्षीय श्री तेजबहादुर गुरुङ्गको मिति २०७७ चैत्र २४ गते देहाबसान भएकोले स्वर्गीय गुरुङ्गको आत्माको चिर शान्तीको कामना तथा शोक सन्तप्त परिवार जन प्रति गहिरो समबेदना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.–३०

यस महानगरपालिकाका वडा नं ३२ का वडा अध्यक्ष श्री अक्कल बहादुर कार्की मोटरसाईकल दुर्घटनामा परि घाईते हुनु भएको र वडा नं. २३ का वडा अध्यक्ष श्री विष्णु प्रसाद पराजुली र वडा नं. २५ का वडा अध्यक्ष श्री शोभाकर तिम्सिना बिरामी हुनु भएकोमा उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय नं.–३१

पोखरा महानगरपालिकाको प्रशासकीय (महाशाखा) भवन पोखरा-९ पुरानो दमकलमा निर्माणको लागि सूचना प्रकाशन गर्ने चरण सम्म पनि त्यस स्थानमा संचालित नगर स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थानातरण गर्न नसकिएको र घरको लागि प्रचलित दरमा घर भाडामा लिने प्रयास सफल नभएकोले प्रचलित दरमा ३३% सम्म रकम थप गरी घर भाडामा लिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं.–३२

छोटो अवधिको लागि मेशिन संचालनको लागि हालको प्रकृया झंझटिलो भएको भनी जनताको जनगुनासो आएकोले १दिन (८ घण्टा) सम्म मेशिन लगाउने र सामाग्री निकासी नगर्नेहरुको हकमा प्रकृया सरलीकरण गर्ने । यस्तो अवस्थामा प्राविधिक प्रतिवेदन र वडाको सिफारीसको आधारमा स्वीकृति प्रदान गर्ने गरी कार्यविधिमा सरलिकरण गर्ने ।

निर्णय नं.–३३

हाल सम्म वडा कार्यालयको लागि भवन निर्माण गर्न नसकेको र भवनको लागि जग्गाको प्रवन्ध गर्ने प्रयत्न सार्थक हुन नसकेको सम्वन्धित वडा कार्यालयले प्रस्ताव गरेको सार्वजनिक जमिनमा वडा कार्यालय भवन निर्माण प्रकृया अगाडि वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(१) वडा नं. २६- नयाँ भवन निर्माण गर्ने ।

(२) वडा नं. १४- नयाँ भवन निर्माण गर्ने ।

(३) वडा नं. १५- को भवनको तला थप गर्ने ।

(४) वडा नं. २१- को भवन मर्मत संभार गर्ने ।

(५) वडा नं. १०- को भवनको तला थप गर्ने ।

२०७७/१२/२६

निर्णय नं.–३४

वडा नं. ३० मा रहेको गण्डकी प्रदेश सरकार मातहतको संक्रामक तथा सरुवा रोग अस्पताललाई साविक शिसुवा गा.वि.स. वडा नं. ३ को कि. नं. ३०८९ क्षेत्रफल ५०४-१५-३-० रोपनी जग्गा मध्ये १०० रोपनी जग्गा आवश्यक परेकोले उक्त जग्गा प्रकोप उद्धार तथा व्यवस्थापनको लागि आवश्यक हो कि होईन भनि जिल्ला प्रशासन कार्यालय मार्फत सामाजिक विकास मन्त्रालयबाट सोधि आएको विषयमा वडा नं. ३० को कार्यालयको प.सं. ०७७/०७८ च. नं ३६९३ मिति २०७७/१२/१७ को पत्रबाट उक्त जग्गा प्रकोप उद्धार तथा व्यवस्थापनको लागि नछुट्याईएको भनि वडा समितिको निर्णय समेतबमोजिम लेखि आएकाले सोहि व्यहोरा लेखि पठाउने ।

०७७/१२/२६